# धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**(राजश्व उप-शाखा)**
**धनगढी, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का वन्दोवस्त सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०३/१८**

यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जो जे अवस्थामा छन सोही अवस्थामा नै आ.व. २०८०/०८१ देखि २०८२/०८३ असार मसान्त सम्म घ (तिन) आ.व.को लागि माछा उत्पादन तथा विक्रिवितरण गर्न प्रयोजनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्म र कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही निम्नानुसार को समूहमा रहेको पोखरीहरुको शिलवन्दी दरभाउ पत्र पेश गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ तथा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० तथा यस नगरपालिकाको आर्थिक ऐन २०८० को दफा ४ को उपदफा ३ बमोजिम सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तनामा**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट रु.१०००।- को (पछि फिर्ता नहुने गरी) रसिद काटी दरभाउ पत्र खरिद गर्न सकिनेछ ।
२. खरिद गरिएको दरभाउ पत्र मा आफूले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सोह्रौ दिन दिनको १२ बजेसम्म दरभाउ पत्र पेश गर्नेको नाम र ठेगाना तथा आफूले ठेक्का लिन चाहेको पोखरीको समुह खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउँदा शिलवन्दी निवेदन सँग आफूले कवोल गरेको रकमको ५ प्रतिशतले हुने रकम यस धनगढीमाई नगरपालिकाको धरौटी खाता नं.२६४०२४७७०२८०००१२ कुमारी बैंक धनगढी सिरहामा जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
३. दर्ता भएका दरभाउ पत्रहरु सि.न. २ मा उल्लेखित भएको दिनको १२ बजे पछि तुरुन्तै सम्बन्धित कार्यालय तथा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ तर दरभाउपत्र दाताको प्रतिनिधि उपस्थिति नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
४. दरभाउ स्वीकृत हुदाँ दरभाउपत्र दाताले आफूले कवोल गरेको रकम तिन किस्तामा बुझाउनुपर्ने छ । पहिलो किस्ताको ३० प्रतिशत रकम सम्झौता अगावै , दोस्रो किस्ताको ४० प्रतिशत रकम आ.व.२०८१/०८२ को श्रावण महिना भित्र र तेस्रो किस्ता ३० प्रतिशत रकम आ.व. २०८२/०८३असार २० गते भित्र बुझाउनु पर्ने छ ।आ.व. २०डण्ड्ड मा पहिलो किस्ता को रकम ठेक्का सम्झौता गर्न आउदा धनगढी सिरहा स्थित कुमारी बैंकमा रहेको यस नगरपालिकाको आन्तरिक राजश्व खाता न. २६४०२४७७०२८०००००१ नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ । दोस्रो र तेस्रो किस्ताको ७० प्रतिशत बराबरको हुने रकम मान्याता प्रप्त बैंक बाट जारी भएको घठ महिनाको कार्यसम्पादन जमानीपत्र(PBG) पेश गर्नु पर्नेछ ।बैंक ग्यारेन्टी पेश गर्न नसक्ने को हकमा कवोल रकम एक मुष्ठ बुझाउन सकिने छ ।
५. दरभाउ पत्र खरिद गर्ने, अन्तिम दिन दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदाको भोलि पल्ट कार्यालय खुल्ने दिन क्रमश सोही समयमा हुनेछ ।
६. नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की वाँकी रकम वा नगद जिन्सी वुझाउन वाँकी रहेको व्यक्ति वा फर्मले ठेक्का लिन पाउने छैन । कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।
७. कुनै कारण देखाएर वा नदेखाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा दरभाउपत्र प्रत्रिया रद्ध / बदर गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
८. प्रत्येक ठेक्काको छुट्टाछुट्टै दरभाउ पत्र खरिद तथा दाखिला गर्नु पर्नेछ ।
९. रित नपुगेको तथा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन ।
१०. पोखरीको संरचना आफूखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तिवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ ।
११. दरभाउपत्र खरिद दाखिला, मूल्याङ्कन तथा सम्झौता लगायतका कार्यहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ अनुसार हुनेछ ।
१२. यस सूचना अल्लेख नभएका अन्य कुराहरु रकम र सरकारि ठेक्का बन्दोबस्त ऐन २०२०, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिम तथा अन्य प्रचलित नेपाल ऐन नियम बमोजिम हुनेछ ।
१३. यस सम्बन्धि सुचना धनगढीमाई नगरपालिकाको website मा पनि हेर्न सकिने छ ।
१४. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१५. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ ।

**ठेक्का लगाउने पोखरीहरुको विवरणहरु:-**

| क्र.सं. | ठेक्का नं. | पोखरीहरुको नाम | ठेगाना | पोखरीहरुको पानीको क्षेत्रफल | आ.व. २०८०/०८१ | धरौटी रकम कबोल अंकको ५ प्रतिशत हुने रकम |
|---|---|---|---|---|---|---|
| १ | DH-MUN-01-2080/81 | कुजविर पोखरी | ध.न.पा:- ०१ | ७६२१.९७ वर्ग मि. | ३,६५,०००।- | |
| २ | DH-MUN-02-2080/81 | मेदनीपुर पोखरी | ध.न.पा:- ०१ | ६७७५.०९ वर्ग मि. | १,००,०००।- | |
| ३ | DH-MUN-03-2080/81 | धनगढा पोखरी | ध.न.पा:- ०२ | १३८८८.९४ वर्ग मि. | ९,२५,०००।- | |
| ४ | DH-MUN-04-2080/81 | महादेव मन्दिर नजिक को पोखरी | ध.न.पा:-०२ | १०५०१.३९ वर्ग मि. | ३,७५,०००।- | |
| ५ | DH-MUN-05-2080/81 | बासघारी को डवरा | ध.न.पा.-०२ | ८२५ वर्ग मि. | ३०,०००।- | |
| ६ | DH-MUN-06-2080/81 | खुसी लाल घर नजिकको पोखरी | ध.न.पा. -०३ | ३५३६.५९ वर्ग मि. | १,५१,५००।- | |
| ७ | DH-MUN-07-2080/81 | जयपुर पोखरी | ध.न.पा.- ०४ | २७१०.०३ वर्ग मि. | ६५०००।- | |
| ८ | DH-MUN-08-2080/81 | अधेरी पोखरी | ध.न.पा.- ०४ | २३७१.२८ वर्ग मि. | ६००००।- | |
| ९ | DH-MUN-09-2080/81 | कट्टीटोल दह | ध.न.पा. -०६ | ४९९ वर्ग मि.६.६३ | ७००००।- | |
| १० | DH-MUN-10-2080/81 | मूसहरी पोखरी | ध.न.पा-०६ | ९०६१.६८ वर्ग मि. | १५००००।- | |
| ११ | DH-MUN-11-2080/81 | केथानी पोखरी | ध.न.पा.०७ | ५२५०.६७ वर्ग मि. | ६००००।- | |
| १२ | DH-MUN-12-2080/81 | देवी टोकी पोखरी | ध.न.पा.-०७ | १४२२७.६९ वर्ग मि. | ७००००।- | |
| १३ | DH-MUN-13-2080/81 | महौलीयाबाला पोखरी | ध..न.पा.-०८ | २३७१.२८ वर्ग मि. | ६५०००।- | |
| १४ | DH-MUN-14-2080/81 | गन्जे बाध चियावारी | ध.न.पा.-०८ | ३३८७.५४ वर्ग मि. | १०००००।- | |

**-प्रमुख प्रशासकीय अधिकृत**

## प्रदेशकै सर्वाधिक...

कम रौतहटमा धान उत्पादन हुने गरेको छ ।

निर्देशनालयले धनुषामा २ लाख ५१ हजार १ सय ८६ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरेको छ भने रौतहटमा १ लाख ३४ हजार ७ सय ६० मेट्रिक टन । बारामा २ लाख ४८ हजार ६ सय ६३ मेट्रिक टन, पर्सामा १ लाख ९१ हजार ९ सय २५ मेट्रिक टन, सप्तरीमा १ लाख ८३ हजार ८ सय ८८ मेट्रिक टन, सर्लाहीमा १ लाख ७३ हजार ६ सय १८ मेट्रिक टन, सिरहामा १ लाख ७२ हजार १ सय ७६ मेट्रिक टन र महोत्तरीमा १ लाख ३८ हजार ८ सय २९ मेट्रिक टन धान उत्पादन हुने अनुमान निर्देशनालयको छ ।

समयमा पानी उपलब्ध नभएको कारण ठुलो परिमाणमा जग्गा बाँझो रहन पुगेको र रोपाइँ भइसकेको क्षेत्रमा पनि आवश्यक पानीको जोहो हुन नसक्दा अनुमान गरिए अनुसार उत्पादन हुन सक्ने अवस्था नरहेको कुशवाहाको भनाइ छ । साउनको तेस्रो सातासम्म मधेस प्रदेशमा वर्षा भए केही हदसम्म धानखेतीमा सुधार हुन सक्ने सम्भावना रहेको बताउँदै उनले भने, 'समयक्रमसँगै रोपाइँमा ढिलाइ भएकै कारण उत्पादनमा कमी हुने अवस्था देखिन्छ ।' मधेशलाई सुक्खा क्षेत्र घोषणा गरी धान खेती गर्ने किसानलाई उचित राहत उपलब्ध गराउन संघीय सरकार र प्रदेश सरकारसँग माग भइरहेको छ । प्रदेशसभा र प्रतिनिधिसभामा उठिरहेको यो आवाजलाई अहिलेसम्म सरकारले खासै चासो दिएको छैन ।

## स्थानीय ...

सचिव बन्न पाउनुपर्छ,' अध्यक्ष ढुंगाना भन्छन्, 'सिभिल अस्पतालमा निजामती कर्मचारी र उनीहरुको परिवारले मात्रै सहुलियतमा सेवा पाउने अवस्था हटाउनुपर्छ, यस्तो विभेदको रेखा हटाइयो भने धेरै हदसम्म समस्या समाधान हुन्छ ।' सरकारले विगतमा धुनीवेंशी नगरपालिकामा मात्रै घरेलुबाट २२ जना कर्मचारी पठाएको उदाहरण दिँदै उनले सरकारले स्थानीय तहलाई नतिजा आउने गरी काम गर्न दिने गरी प्रशासनिक व्यवस्था गर्न नसकेको बताए । 'संघीयता राजनीतिक रुपमा मात्रै आयो, आर्थिक र प्रशासनिक संघीयता आएकै छैन,' अध्यक्ष ढुंगानाले भने, 'स्थानीय सेवा गठन गरेर सबै कर्मचारीबीच विभेदको रेखा मेटाए मात्रै स्थानीय तहको कार्यसम्पादन र सेवा प्रवाह अझ धेरै प्रभावकारी हुन्थ्यो ।'

संघीय मामिला तथा समान्य प्रशासनमन्त्री अनमाल मोदी संघीय निजामती ऐन आएपछि स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा देखिएका समस्याहरु समाधान हुने बताउछन् । 'छिट्टै विधेयक संसदमा जान्छ,' उनले भने, 'सरकार त्यसको अन्तिम गृहकार्यमा छ ।'